Orchid Academia Siraha
Vol. 3, Issue 1, Dec. 2024

ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

नेपालको राष्ट्रिय भाषानीतिले पारेको प्रभावकारिता

रामदेव मण्डल

Effectiveness of National Language Policy of Nepal

Ram Deo Mandal

Department of Nepali Education, Tribhuvan University, Suryanarayan Satyanarayan Morbaita Yadav Multiple Campus, Siraha
Email: m.ramdeo2013@gmail.com
https://doi.org/10.3126/oas.v3i1.78141

लेखसार

प्रस्तुत लेख राज्यले कुन भाषालाई कस्तो स्थान दिने नीतिलाई नै भाषानीति मानिएको हो । नेपालको भाषानीतिले शिक्षा र भाषिक संरक्षणमा पारेको प्रभावकारितामा केन्द्रित रहेको छ । प्राथमिक सामग्रीका रूपमा संविधान, राष्ट्रिय जनगणना, भाषा आयोग सुझावका प्रतिवेदन र द्वितीयक सामग्रीको रूपमा विभिन्न अनुसन्धानमूलक लेख र पुस्तकहरूबाट सामग्री सङ्कलन गरी वर्णनात्मक विधिबाट विश्लेषण गरी गुणात्मक ढाँचामा लेखिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ र २०४८ सालका राष्ट्रिय जनगणनामा आधारित भई २०५० को भाषा आयोगलाई मुख्य आधार मानी विभिन्न संविधानमा भाषा सम्बन्धी व्यवस्थामा टेकेर गरिएको अध्ययनले नेपालमा बोलिने भाषाहरूको भौगोलिक वर्गीकरण, भाषिक सङ्ख्या, बहुभाषिक स्थिति आदिमा भाषानीतिले सकारात्मक प्रभाव पारेको छ । यसले भाषाको संरक्षण, संवर्द्धन र विकासमा महत्त्पूर्ण भूमिका खेलेको छ । यसैकारणले नेपालमा बोलिने भाषाहरूको पहिचान कायम गरी भाषा निर्धारण गर्ने, सङ्कटापन्न र लोपोन्मुख भाषाहरूको संरक्षणीय कार्यक्रम तय गरी आवश्यक कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने जस्ता प्रकियाहरूलाई सुझावका रूपमा प्रस्तुत गरिएको छ । त्यसैका आधारमा मातृभाषामाथि विशेष जोड दिइएको पाइन्छ । यस अध्ययनले भाषिक द्वन्द्वबाट मुक्त गराई भाषा आयोगहरूका लागि नीतिनिर्माण तथा शैक्षिक जगत्का लागि निकै उपयोगी देखिन्छ । प्राथमिक तहमा मातृभाषामा शिक्षा र भाषा शिक्षा शाखाले दिइएको सुझावअनुसार लागू भएकाले २०५० को सुझावले भाषा विकासमा महत्त्वपूर्ण टेवा पुर्‍याइएको देखिन्छ यद्यपि राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० को सुझावको साथै २०७२ को संविधानलाई पूर्ण रूपमा व्यवहारिक बनाउनु नितान्त आवश्यक देखिन्छ ।

मुख्य शब्दावली : प्रभावकारिता, भाषाआयोग, भाषानीति, भाषिक पहिचान, भाषिक व्यवस्था

Abstract

The present study considers the policy and position of languages recognized by the nation to different languages spoken in Nepal. The study aims to see the effectiveness of national language policy on the preservation of education and language. This qualitative study adopts constitution, census of population, reports on language commissions as primary sources of data and research articles and books as secondary sources of data. Based on the constitution of Nepal 2047 and population census 2048, the language commission of 2050 took the basis to classify on the basis of geographical area, native speakers, multilingual status, languages of indigenous communities and mother tongues are seen relevant. Learning achievement is found to be well because of mother tongue policy. The implementation of mother-tongue based education in basic level proposed by language commission 2050, has played the supportive role for learning achievement of the students. It is also recommended that the provisions documented regarding language use by interim constitution of Nepal 2063, and the constitution of Nepal 2072 must be made practical and implemented accordingly. If implemented properly, it will facilitate the basic level students and learning will be effective.

Keywords: Effectiveness, Language Commission, Language policy, Linguistic Management

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

विषयप्रवेश

भाषा विचार सम्प्रेषणको ससक्त माध्यम हो । भाषा मानिसको बौद्धिक खोराक पनि हो । भाषाविना जीवन धान्न अपठ्यारो छ । त्यसकारण हरेक क्षेत्रमा भाषाको आवश्यकता रहेको छ । संसारमा लेखन प्रणालीको विकास आजभन्दा छ हजार वर्ष जति अघि भएको मानिन्छ (बन्धु, २०६८) । संसारमा बोलिने भाषाहरू सन् २००९ मा एथ्नेलोगले ६,९०९ भाषाहरूको सूची दिएको थियो । भाषापरिवारमा पृथकता भए पनि आधिकारिक १० भाषापरिवार वर्गीकरणलाई स्वीकार गरेका छन् (बन्धु, २०७७) । यसै आधारमा वि.स.२०७८ सालको जनगणनानुसार नेपालमा पाँच भाषापरिवार र १२४ भाषालाई सूचीबद्ध गरिएको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०८०) । पहिलो भाषाको रूपमा नेपाली बोल्ने र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने इतर मातृभाषीहरूलाई मानिन्छ (यादव र खतिवडा, २०६७) । यसरी नै नेपालमा भाषा सम्बन्धी तथ्याङ्कहरू उल्लेख गरिएको पाइन्छ ।

नेपाल बहुजातीय बहुभाषिक र बहुसांस्कृति भएको देश हो । यहाँ, धेरै भाषाहरू बोलिन्छ । भाषाले राज्यलाई समृद्ध बनाउँछ त्यसैले सबै भाषाको संरक्षण संवर्द्धन हुनु आवश्यक देखिन्छ (अधिकारी, २०७४) । भाषालाई व्यवस्थित गर्ने काम भाषानीतिले गर्छ । प्रयोक्ता, सञ्चार, साहित्यिक सिर्जना सम्पर्कको माध्यम, सरकारी कामकाज आदिका आधारमा भाषालाई राज्यले भाषानीतिद्वारा स्थान दिने गरिन्छ । भाषालाई व्यवस्थित र प्रयोजनपरक तहबाट संयोजित तुल्याउन अपनाउने राज्य स्तरको कानुनी मान्यतालाई भाषाको नीतिगत व्यवस्था भनेर बुझ्न सकिन्छ । प्रत्येक देशले आफ्नो अवस्था र राज्य अनुकूल भाषालाई नीतिगत रूपबाट व्यवस्थित गरेको हुन्छ । देशमा अपनाइएको भाषानीति अनुरूप राज्यले सबै भाषाहरूको विकासमा योगदान दिएको हुन्छ ।

विश्वमा एकभाषिक, द्विभाषिक, त्रिभाषिक एवम् बहुभाषिक मुलुकका रूपमा परिभाषित गरेको पाइन्छ । भाषालाई समन्याय दिन जमर्को गरे पनि भाषिक समता स्थापित गर्न गाह्रो हुन्छ । बहुभाषिक समन्यायका लागि भाषानीति आवश्यक छ । विश्वमा बहुभाषिक देशहरूमध्ये संयुक्त संघ रुसबाट भाषानीतिको अवधारणा प्रारम्भ भई पपुवा न्युगिनी, भारत हुँदै नेपालले पनि यो अवधारणा लागू गरेको हो । बहुभाषिक देशका सबै भाषालाई व्यवस्थापन गर्ने कार्य भाषानीतिले गरिन्छ (पौडेल र भट्टराई, २०७७) । सरकारी तहबाट प्रयोगका स्तरमा भाषाको विकास र विस्तार गर्न, संरक्षण, संवर्द्धन गर्न, खोज तथा अनुसन्धान गर्न बनाएका भाषिक व्यवस्थालाई भाषानीति भनेर बुझिन्छ । कुन भाषालाई कुन स्थानमा राख्ने भन्ने व्यवस्थापनको कार्य भाषानीतिमा हुन्छ ।

नेपालमा २०४६ सालमा जनआन्दोलनको परिणाम स्वरूप प्रजातन्त्रको पुनर्बहाली भई नेपालको संवैधानिक व्यवस्था अनुसार विधिवत नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाललाई बहुजातीय, बहुभाषिक मानेर नेपालभित्र बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता दिंदै धारा १८ को उपधारा २ मा प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने छन् भनी देशकै मूल कानुनमा मातृभाषाले स्थान पाएको देखिन्छ (पौडेल र भट्टराई,

२०७७) । त्यसैमा कानुनी व्यवस्था भए अनुसार बालबालिकालाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ ।

वर्तमान युगको माग अनुसार र जनभावनालाई कदर गर्दै नेपाल अधिराज्यको संविधान २०४७ (नेपाल कानुन आयोग, २०४७) अनुरूप श्री ५ को सरकार तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीको कार्यकालमा तिलविक्रम नेम्वाङ (बैरागी काइँला) को संयोजकत्वमा ११ सदस्य राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० जेष्ठ १४ गते गठन गरियो । उक्त आयोगले एक वर्षको कार्यविधिमा नेपालमा राष्ट्रिय भाषासम्बन्धी सर्वेक्षण र तथ्यहरू सङ्कलन गरी वि.स. २०५० साल चैत्र ३१ गते प्रतिवेदन पेस गरियो उक्त प्रतिवेदन नेपालको भाषिक स्थिति, राष्ट्रिय भाषाहरूको विकास र संरक्षण, शिक्षामा राष्ट्रिय भाषाहरूको प्रयोग र सुझावहरू जस्ता विभिन्न शीर्षकहरूमा केन्द्रित रहेको देखिन्छ ।

नेपालमा रहेका सबै भाषाहरूलाई भाषानीतिले समान स्थान दिन, संवर्द्धन गर्न, र विकास गर्नका लागि देखा परेका समस्याहरूको समाधानार्थ नीतिगत सुझाव दिन राष्ट्रिय भाषानीति सुझाव आयोग २०४९ को गठन भई २०५० मा तथ्य र सर्वेक्षणका आधारमा भाषा सम्बन्धी सिफारिस गरियो (राष्ट्रिय भाषा नीति सुझाव आयोग, २०५०) । यसरी भाषा सम्बन्धी विभिन्न संविधान र आयोग प्रतिवेदनहरूमा भएका मातृभाषा सम्बन्धी व्यवस्थाले शिक्षामा पारेको प्रभावकारीता सम्बन्धी अध्ययन नपाइएकाले यसलाई समस्याको रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत लेख नेपालको भाषानीतिले शिक्षा र भाषिक संरक्षणमा पारेको प्रभावकारिता सम्बन्धी अध्ययन यसको मुख्य उद्देश्य रहेको छ । यस उद्देश्यसँग सान्दर्भिक अनुसन्धानात्मक प्रश्नहरू यी हुन् : नेपालमा कस्तो भाषानीति लागू गरिएको छ ? भाषानीतिबाट के उपलब्धि भएको छ ? मातृभाषा सम्बन्धी व्यवस्था के कस्तो छ ? उक्त व्यवस्थाले शिक्षामा के कस्तो प्रभावकारिता रहेको छ ? भाषा संरक्षण सम्बन्धी के कस्तो प्रयास भएको छ ? यस्ता किसिमका अध्ययनले आधारभूत तहमा अझै सान्दर्भिता बढाइएको देखिन्छ ।

यसरी प्रस्तुत अध्ययनले नेपाल गणतान्त्रिक मुलुकमा समावेशिताका आधारमा भाषाहरूको समुच्चित तरिकाले वितरण हुनु नितान्त आवश्यक देखिन्छ । भाषिक समनताका सिद्धान्तअनुसार भाषालाई समान रूपले भाषिक वितरणको लागि भाषाहरूको अवस्था थाहा हुनु नितान्त आवश्यक भएकोले प्रस्तुत अध्ययनबाट प्राप्त जानकारी हुने भएकोले यसको महत्त्व झन बढेको देखिन्छ र यसैका आधारमा प्रदेशहरूमा पनि पाठ्यक्रम नीतिनिर्माणकर्ताहरूलाई टेवा पुग्ने अपेक्षा गरिएको छ । भाषाले शिक्षामा ठूलो प्रभाव पार्नुको साथै यसले चिनारी र भाषिक संरक्षण तथा सम्बर्द्धनमा समेत मदत पुग्नेछ । यदि भाषा सम्बन्धी समावेशिकता समतामूलक व्यवहार भएन भने विगतको इतिहासका आधारमा भन्न सकिन्छ कि भाषिक द्वन्द्वको स्थिति पनि सिर्जना हुन सक्छ त्यसकारण भाषिक अवस्था थाहा नभई भाषिक न्यायको सिद्धान्त अपनाउन गाह्रो भएकोले भाषिक अवस्था थाहा पाउनु नितान्त आवश्यक छ । सूचनाको हक अन्तर्गत यस अध्ययनले भाषिक जानकारी गराई भाषाको समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

अध्ययनको विधि

प्रस्तुत अध्ययन समानताको सिद्धान्तमा आधारित गुणात्मक ढाँचाको छ । रचनात्मक दर्शनमा आधारित रहेको छ । पुस्तकालय कार्य अनुसन्धानको महत्त्वपूर्ण अङ्ग हो । अभिलेखपरक अनुसन्धानका लागि पुस्तकालय सामग्रीको मुख्य स्रोत हो (बन्धु, २०७५) । प्राथमिक सामग्रीका रूपमा नेपालका संविधानहरू अनुसन्धानमूलक लेख र आयोगहरूबाट प्राप्त सामग्रीहरू सङ्कलन गरिएको छ । द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय अध्ययन कार्यबाट प्राप्त सामग्री सङ्कलन गरिएको छ । ती सामग्रीहरूबाट प्राप्त सूचनाहरूलाई वर्णनात्मक तथा व्याख्यात्मक विधिद्वारा विश्लेषण गरिएको छ । भाषिक व्यवस्थाले मातृभाषालाई आधारभूत तहमा चाँसो किन ? भन्ने प्रश्नको उत्तर खोज्ने जमर्को गरिएको छ । राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० को सिफारिस अन्तर्गत भाषिक व्यवस्थालाई आधार मानिएको छ (पौडेल र भट्टराई, २०७७) यस आयोगमा पनि मातृभाषा सम्बन्धी गरिएको सम्बोधनलाई विशेष प्राथमिकता दिइएको छ । यस्ता किसिमका व्यवस्थाले शिक्षामा सकारात्मक प्रभाव पर्छ जसले गर्दा विद्यार्थीहरूलाई बोधगम्यताको दृष्टिकोणले सहज हुन्छ भन्ने मर्म झल्किएको देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ (नेपाल कानुन आयोग, २०६३) र नेपालको संविधान २०७२ (नेपाल कानुन आयोग, २०७२) मा मातृभाषी सम्बन्धी भाषाले शिक्षण सिकाइ र भाषिक समानताको न्याय सम्बन्धी सिद्धान्तमा आधारित गरिएको छ । यस राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० लाई मुख्य आधारमानी देशमा कुन भाषाको अवस्था कस्तो छ ? कस्तो भाषालाई विकसित भाषाको रूपमा लिने, कस्तो भाषालाई विकासशील भाषाको रूपमा लिने, कस्तो भाषालाई विकासोन्मुख भाषाको रूपमा लिने र कस्तो भाषालाई लोपोन्मुख भाषाको रूपमा लिने जस्ता विश्लेषण समेत गरी भाषाहरूको तत्कालीन अवस्था के छ भने कुरा उल्लेख गरिएको छ । भाषालाई जीवन्त र विकासित तुल्याउने साहित्य, कानुन, माध्यम र सञ्चार क्षेत्रले मुख्य भूमिका खेलिएको हुन्छ त्यसैले भाषिक विकास र शिक्षामा प्रगतिका लागि यी पक्षहरूमाथि ध्यान दिनु आवश्यक देखिन्छ ।

पूर्वकार्यको पुनरावलोकन

भाषा र संस्कृति

भाषाको जन्म समाजबाट हुन्छ । त्यस्तै संस्कृतिको जन्म पनि समाजबाट नै हुन्छ । संस्कृतिभित्र भाषा रहने भएकाले मातृभाषाको उत्थानमा महत्त्वपूर्ण भूमिका खेलेको खेलेको हुन्छ (बोड्र्यु, १९७३) । हरेक व्यक्ति वा समूहमा रहने आआफ्नै जीवन पद्धति वा अदत स्वभाव नै एक प्रकारको संस्कृति हो (घिमिरे, २०६५, पृ. ६२) । हरेक समुदायको जीवन शैली फरक फरक हुन्छ । संस्कृतिको निरन्तरता पनि पारस्परिक र आर्जित हुन्छ । समाजको संस्कृतिअनुसारको भाषा उपयोगको सम्भावना हुन्छ । अङ्ग्रेजी सङ्ख्या आदर सूचक शब्द यु ले सबै आदरार्थीलाई बुझाउँछ तर नेपालीमा आदरार्थीमा विविधता हुन्छ । यसरी संस्कृतिमा जति विविधता हुन्छ, त्यति नै धेरै भाषा हुने सम्भावना हुन्छ । भाषानीतिले पनि भाषिक विविधतालाई शिक्षामा प्रत्यक्ष प्रभाव पर्छ ।

मातृभाषामा शिक्षा र बहुभाषिक शिक्षा

बालकको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउने माध्यम नै शिक्षा हो । सिकारुले कक्षाकोठामा स्वतन्त्र रूपले आफ्नो मातृभाषामा बोल्नु, कुराकानी गर्नु, छलफल गर्नु, पढ्न सिक्नु नै मातृभाषामा शिक्षा हो । मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाको रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ (शैक्षिक जनशक्ति विकास केन्द्र [शैजविके], २०७२, पृ.४) । नेपालको सन्दर्भमा मातृभाषामा शिक्षा भनेको पाठ्यक्रमले तोकेका विषयहरू जस्तैः सामाजिक अध्ययन, गणित, विज्ञान आदिलाई विद्यार्थीको मातृभाषाका माध्यमले शिक्षण सिकाइ गराउनु हो । यर्थाथमा भाषा विषयबाहेक अन्य विषय मातृभाषामा पढाउनु र भाषा विषयमा समेत आवश्यकतानुसार विद्यार्थीको मातृभाषा प्रयोग गरेर बुझाउनुलाई मातृभाषामा शिक्षा भनिएको पाइन्छ । एउटै कक्षामा फरक फरक मातृभाषा बोल्ने विद्यार्थीहरू छन् र त्यहाँ विद्यार्थीको मातृभाषाअनुसार विभिन्न भाषाको प्रयोग गरिन्छ भने त्यसलाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा भनिन्छ ।

मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सरल भाषामा बहुभाषिक शिक्षा भन्ने गरिएको छ (शैजविके, २०७२) । यसरी मातृभाषी शिक्षा विद्यार्थीहरूलाई उनीहरूकै मातृभाषामा शिक्षा दिने प्रक्रियाका रूपमा रहेको पाइन्छ । त्यसकारण मातृभाषामा शिक्षाले सिकाइलाई सरल बनाउँछ । भाषानीति व्यवस्थाले पनि मातृभाषाबाट सिकाइलाई सरल बनाउँछ ।

नेपालको विभिन्न जनगणनानुसार नेपालको भाषिक स्थिति

तालिका १ *नेपालको विभिन्न जनगणनानुसार नेपालको भाषिक स्थिति*

जनगणना वर्ष	२००९/११	२०१८	२०२८	२०३८	२०४८	२०५८	२०६८	२०७८
भाषा सङ्ख्या	४४	३६	१७	१८	३१	९२	१२३	१२४

स्रोतः श्रेष्ठ, २०२१ र राष्ट्रिय केन्द्रीय तथ्याङ्क विभाग, २०४८, २०६०, २०६९, २०८०

जनगणना वर्ष २००९/११ अनुसार ४४ भाषा सङ्ख्या रहेका छन् । वि.स. २०१८ अनुसार ३६ भाषा सङ्ख्या रहेका छन् । वि.स. २०२८ सालमा १७ भाषा सङ्ख्या रहेका छन् । वि.स. २०३८ सालमा भाषा सङ्ख्या १८ रहेका छन् । वि.स. २०४८ सालमा ३१ भाषा सङ्ख्या रहेका छन् । वि.स. २०५८ सालमा ९२ भाषा रहेका छन् । वि.स. २०६८ सालमा १२३ भाषा सङ्ख्या रहेका छन् । वि.स. २०७८ सालमा १२४ भाषाहरू रहेका छन् । यसरी नेपालमा धेरै भाषाहरू रहेका छन् । पहिलो जनगणनाभन्दा पछिल्लो जनगणनामा भाषाको सङ्ख्या बढेको देखिन्छ । यी भाषाहरूलाई संविधान र भाषा आयोग तथा भाषानीतिले सबै मातृभाषालाई सम्बोधन गरिएको हुँदा यसले शिक्षा क्षेत्रमा उपलब्धी भएको मानिन्छ ।

प्राप्ति र छलफल

नेपाल बहुभाषिक देश भएकाले सबै भाषाहरूको संरक्षण, संबर्द्धन हुनु नितान्त आवश्यक देखिन्छ । भाषानीतिले भाषाहरूलाई पहिचान गरी संरक्षण तथा संवर्द्धन गर्ने गरिन्छ । कुन भाषाको प्रयोग क्षेत्र, साहित्य, शिक्षा, सञ्चार, मानक आदिका आधारमा

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

व्यवस्थित अध्ययन गरी नीति बनाउँछ, त्यसलाई नै भाषानीति भनिन्छ । अर्थात् मुलुकमा निहित भाषा र तिनको अवस्था, प्रयोगगत वैशिष्यट्य, तिनको संरक्षण, संवर्द्धनका निम्ति चालेको आधिकारिक कदम एवम् कानुनी प्रावधान तथा मान्यता नै भाषानीति हो (पौडेल र भट्टराई, २०७७) । भाषा संरक्षण, संबर्द्धन, विकास र स्तरीकरणका निम्ति राज्य वा सरकारले अँगाल्ने नीतिलाई नै भाषानीति भनिन्छ (गिरी, सन् २०१०) । भाषानीतिको बारेमा निधो गर्ने कार्य राज्यले गर्छ ।

वि.सं २०४८ सालसम्मको जनगणनामा आधारित भई गरिएको २०५० को भाषिक सर्वेक्षणात्मक अध्ययन प्रतिवेदनलाई हेर्दा नेपालमा बोलिने भाषाहरूको भौगोलिक वर्गीकरण, भाषिक सङ्ख्या, बहुभाषिक स्थिति, जातजातिगत भाषा, मातृभाषा, सम्पर्क भाषा, लेख्य परम्परा, साहित्य र साक्षरता आदि सन्दर्भमा निहित देखिन्छ (राष्ट्रिय भाषा सुझाव आयोग, २०५०) । राष्ट्रिय भाषानीति सुझाव आयोगले मुख्यतया भाषा संरक्षण, संवर्द्धन र विकासका लागि नेपालमा बोलिने राष्ट्रिय भाषाहरूको पहिचान गरी निर्धारण गर्ने, सङ्कटापन्न र लोपोन्मुख भाषाहरूको संरक्षणीय कार्यक्रम तय गरी आवश्यक कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने जस्ता चरणगत प्रकियाहरूलाई सुझावका रूपमा प्रस्तुत गरिएको छ । अध्ययनीय भाषाहरूको संरचनागत योजना तर्जुमाका लागि मानक चयन, लिपि निर्धारण, वर्णमाला निर्धारण, हिज्जे निर्धारण शब्दभण्डारको विकास र व्याकरण निर्माण, सञ्चार माध्यम र प्रशासनमा उपयोग, साहित्यिक गतिविधिमा प्रोत्साहन, लेखन पद्धतिको विकास एवम् प्रयोग क्षेत्रको विस्तारका कुराहरूलाई सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

प्रतिवेदनलाई चार अध्यायमा बाँडिएका छन् । अध्याय एकमा नेपालको भाषिक स्थितिको छोटो दिग्दर्शन दिइएको छ भने, अध्याय दुईमा राष्ट्रिय भाषाहरूको विकास तथा संरक्षण बारेमा चर्चा गरिएको छ । अध्याय तीनमा मुख्यतः प्राथमिक राष्ट्रिय भाषाहरू, मातृभाषाहरूको प्रयोगको सम्बन्धमा छलफल गरिएको छ भने, चारमा सुझावहरू प्रस्तुत गरिएका छन् (राष्ट्रिय भाषा नीति सुझाव आयोग, २०५०) । प्रस्तुत उल्लिखित अध्यायहरू स्वागत योग्य नै छ । त्यस सुझावको अध्याय तीनमा प्राथमिक तहमा मात्र राष्ट्रिय भाषाहरूलाई मात्र सीमित पारेको देखिन्छ तर त्यसमा प्राथमिक तह मात्र नतोकेर कम्तिमा माध्यमिक तहसम्म लागू गरी बाटो खुल्ला गरिदिएको भए अझै उत्कृष्ट हुने थियो ।

नेपालको भाषिक स्थिति

नेपालमा धेरै भाषाहरू बोलिन्छन् । वि.स. २००९/११ र २०१८ को जनगणनामा ३६ भाषाहरूको नाम उल्लेख भएको पाइन्छ भने, २०२८ २०३८ र २०४८ को जनगणनाहरूले क्रमशः १७, १८ र ३१ भाषाहरूको तथ्याङ्क मात्र जनसमक्ष प्रस्तुत गरेका छन् (पौडेल र भट्टराई, २०७७) । वि.स.२०११ को जनगणना अनुसार भाषाका परिवारहरूः भारोपेली परिवार (१५ भाषाहरू): अन्तर्गत नेपाली, मैथिली, भोजपुरी, थारु अवधि, उर्दू, हिन्दी, राजवंशी, वंगाली, दनुवार, मारवाडी, माझी, दरै, कुमाल र अङ्ग्रेजी ।. भोटबर्मेली परिवार (१९ भाषाहरू) अन्तर्गत तामाङ, नेवारी, राई, मगर, लिम्बू, गुरुङ, भोटेसेर्पा, चेपाङ, धिमाल, थामी, थकाली, जिरेल, व्यासी सुनुवार, लाप्चे, मेचे, पहरी, हायु, र राजी ।.आग्नेय

परिवारःअन्तर्गत् सतार र सन्थाल भाषाहरू पर्दछ । द्रविड परिवार अन्तर्गत् झाँगडधाँगड भाषा पर्दछ ।

उक्त विभिन्न जनगणनाहरूमध्ये वि.स. २०७८ सालको जनगणनानुसार नेपालमा १२४ वटा भाषाहरू उल्लेख गरिएका छन् । का अनुसार निम्नलिखित ३२ वटा राई भाषाहरूको निर्धारण उल्लेखनीय मानिन्छः : बाहिङ, थुलुङ, खालिङ, जेरुङ, दुमी, कोयुकोई, कुलुङ, नाछिरिङ, बाङ्देल, चाक्वा, प.मेवाहाङ, पू. मेवाहाङ, चाम्लिङ, पोल्माचा, पुमा, साङपाङ, वान्तवा, दुङमाली, वालिङ, याम्फूयाम्फे, उ. लोहोरुङ, द. लोहोरुङ, याक्खा, लुम्बाःयाक्खा, छिन्नताङ, लाम्बिछोङ, मुगाली, बेल्हारे, आठपहरिया, फाङदुवाली र छुलुङ् यस अतिरिक्त निसीको अध्ययनमा भोटबर्मेली परिवारअन्तर्गत प्रतिवेदनहरूमा समाविष्ट १९ वटा भाषाहरू बाहेक निम्नलिखित भाषाहरू पनि थप गरिएको पाइन्छ ।

राउटे, खाम, काइके, छन्तेल, मार्फा, सयाङ, मनाङ, नार, घले, उम्बुले, चौरासे, छथरे, लिम्बू, साम, लिङखिम, टोटो र भ्रामु । त्यस्तै भोटे.लामालाई अलग्गै भाषा मानिएको छ (हान्सन १९९१ इ. र निसी.१९९२ इ. उद्धृत पौडेल र भट्टराई) । यी भाषाहरूमध्ये केही भाषाहरूको निर्धारण विवादमुक्त छैन । जस्तै मनाङ र धले पृथक भाषा हुन् वा गुरुङ भाषाका दुई भाषिका हुन् भन्ने कुरा स्पष्ट छैन । कतिपय कारणले विश्वसनीय नमानिएका जनगणना तथ्याङक र केही अन्य प्रारम्भिक अध्ययनहरूलाई मात्र आधार मानी भाषाहरूको निर्धारण गर्नुपर्ने स्थिति हालसम्म रहिरहेकाले पनि यिनको सही सङ्ख्या निर्धारणका निम्ति वस्तुपरक भाषिक सर्वेक्षणको नितान्त खाँचो टड्कारो रुपमा देखिएको छ । वि.स.२००९/११ देखि २०७८ सम्मको जनगणनानुसार भाषिक व्यवस्थामा दिनप्रति दिन सुधार हुँदै आएको देखिन्छ तर पूर्ण वैज्ञानिक र व्यवस्थित हुन सकेको अवस्था देखिदैन । वैज्ञानिक बनाएको खण्डमा भाषिक समानताको सिद्धान्तअनुसार भाषिक न्याय हुन्छ ।

राष्ट्रिय भाषाहरूको विकास र संरक्षण

विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरूका बीच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति लिइएको छ । यस संवैधानिक प्रावधानअन्तर्गत् नेपालका सबै भाषाहरूको विकासलाई राष्ट्रिय भाषा नीतिको एक पक्षको रूपमा अँगालिएको कुरा प्रष्ट देखिन्छ ।

राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० र भाषिक व्यवस्था

यस प्रतिवेदनलाई चार अध्यायमा बाँडिएका छन् । अध्याय एकमा नेपालको भाषिक स्थितिको छोटो दिग्दर्शन दिइएको छ भने, अध्याय दुईमा राष्ट्रिय भाषाहरूको विकास तथा संरक्षणबारे चर्चा गरिएको छ । अध्याय तीनमा मुख्यतः प्राथमिक शिक्षामा राष्ट्रिय भाषाहरू मातृभाषाहरूको प्रयोगका सम्बन्धमा छलफल गरिएको छ भने अध्याय चारमा सुझावहरू प्रस्तुत गरिएका छन् । ती सुझावहरू यी हुनः

नेपालमा बोलिने भाषाहरूको पहिचान र निर्धारणका निम्ति भाषिक सर्वेक्षण हुनुपर्ने उल्लेख गरिएको छ । भाषाहरूको विकासका निम्ति भाषायोजनाको लेखाजोखा गरी तिनमा

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

मानकको चयन, लेखनपद्धति, वर्णमाला, लिपि, हिज्जेको निर्धारण गरिनुपर्ने उल्लेख गरिएको छ । शब्दभण्डारको विकास, शब्दकोश र व्याकरणको निर्माणका साथै प्रयोग क्षेत्रको विस्तार, सञ्चार तथा प्रशासन आदिका लागि कार्य गरिनुपर्ने उल्लेख गरिएको छ । भाषाहरूको पहिचान गरी तिनको संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरी कार्यान्वयन र अनुगमन गर्ने कार्य उल्लेख गरिएको छ । प्राथमिक तहमा मातृभाषामा शिक्षा दिंदा लेख्य परम्परा उल्लेख गरिएको छ । दुई किसिमका मातृभाषी विद्यार्थीहरू भएका विद्यालयहरूमा द्विभाषिक शिक्षा मातृभाषा र राष्ट्रभाषा दुबैमा बहुभाषी विद्यालयहरूमा राष्ट्रभाषाको माध्यममा शिक्षा दिइनुपर्ने सुझाव प्रस्तुत गरिएको छ । जनसहभागितामा खोलिएका र खोलिने मातृभाषी प्राथमिक विद्यालयलाई श्री ५ को सरकारले स्वीकृति र अनुदान दिनुपर्ने सुझाव व्यक्त गरिएको छ । मातृभाषी, द्विभाषी र राष्ट्रभाषी तीनै प्रकारका प्राथमिक विद्यालयहरूमा विषयको रूपमा आफ्नो मातृभाषा पढ्न पाउने व्यवस्था हुनुपर्नेछ । निम्नमाध्यमिक तहको वर्तमान पाठ्यक्रमको ढाँचाअन्तर्गतको संस्कृत विषयको सट्टा वैकल्पिक विषयका रूपमा मातृभाषा पढाउने व्यवस्था हुनुपर्ने सुझाव व्यक्त गरिएको छ (भाषा आयोग सुझाव प्रतिवेदन, २०५०) । यसरी भाषासम्बन्धी व्यवस्था गरिएको छ तर यसैमा माध्यमिकसम्म मातृभाषामा शिक्षाको अवधारणा राखिदिएको भए अझै सुनमा सुगन्ध हुन्थ्यो किनभने, कतिपय विद्यार्थीहरू भाषा परिणामकै कारणले नेपाली भाषा बाहेक इतर मातृभाषी कमजोर देखिएको छ ।

सुझावहरू

खण्ड (क) राष्ट्रिय भाषाहरूको विकास तथा संरक्षण

राष्ट्रिय भाषाहरूको पहिचान तथा निर्धारण सम्बन्धी यसरी उल्लेख गरिएको छ : राष्ट्रिय भाषाहरूको विकास गर्नुअघि ती भाषाहरूको निर्धारण आवश्यक देखिन्छ । जनगणनाको प्रतिवेदन भरपर्दो पाइएको छैन । त्यसैले वस्तुपरक र विश्वसनीय भाषिक सर्वेक्षणका आधारमा राष्ट्रिय भाषाहरूको पहिचान तथा निर्धारण गर्नुपर्नेछ । यसरी भाषाको सर्वप्रथम सामाजपरक वैज्ञानिक अध्ययन हुनु अति आवश्यक देखिन्छ । मानकको चयन सम्बन्धमा यसरी उल्लेख गरिएको छ : कुनै भाषाको विकास गर्दा त्यसभाषामा विभिन्न भाषिकाहरू हुन्छन् त्यसमध्ये कुनै एक मानक भाषिकालाई चयन गर्नुपर्ने आवश्यक देखिन्छ । ती भाषिकाहरूको भाषिक क्षमता, वक्ताहरूको सङ्ख्या, लेख्य परम्परा, भाषिकाहरूप्रति वक्ताहरूको अभिवृत्ति आदि कुरामाथि विचार पुर्याउनु पर्नेछ । यसले भाषाको वस्तुपरक अध्ययनमा ठोस मदत पुग्दछ (राष्ट्रिय भाषा नीति सुझाव आयोग, २०५०) । .लेखनपद्धतिमा उल्लेख भए अनुसार व्यवहारिक, शैक्षिक, भाषा सिकाइ आदि दृष्टिकोणले नेपालमा बोलिने भाषाहरूको लिपिमा एकरुपता हुनु उपयुक्त देखिन्छ तर कुनै भाषिक समुदायले आफ्नो परम्परागत लिपिलाई नै कायम राख्न चाहेमा त्यस्ता लिपिको प्रयोग गर्न पनि सकिनेछ । आवश्यकताको आधारमा लिपिलाई निर्धारण गर्दा उपयुक्त देखिन्छ । वर्णमाला सम्बन्धी यसरी उल्लेख गरिएको छ : नेपालमा बोलिने भाषाहरूको वर्णमालालाई

तिनको ध्वनिप्रणालीअनुकूल बनाउनु उपयुक्त देखिन्छ । यसका लागि सम्बन्धित भाषाहरूको ध्वनिहरूको अध्ययन हुनु आवश्यक छ ।

हिज्जे सम्बन्धी यसरी उल्लेख गरिएको पाइन्छ : विभिन्न भाषाहरूको लेखाइ र बोलाइबीचको अन्तरलाई कम गर्न तिनको हिज्जेमा आवश्यक सुधार हुनु जरुरी छ । साथै स्तरीय भाषिकाको लिखित अभिव्यक्तिमा प्रयोग हुने हिज्जेमा एकरुपता तथा स्थिरता ल्याउनु आवश्यक हुन्छ । शब्दभण्डार सम्बन्धी यसरी उल्लेख गरिएको छ : शैक्षिक विस्तार तथा आधुनिक ज्ञानविज्ञानका विषयवस्तुहरूको सम्प्रेषणको अभिवृद्धिका लागि विभिन्न भाषाहरूमा शब्दभण्डारको विकास हुनु आवश्यक छ । यस सम्बन्धमा युनेस्को प्रतिवेदन १०५३ इ. मा उल्लिखित मार्गदर्शक सिद्धान्तअनुसार कार्य गर्न उपयुक्त हुन्छ । व्याकरण सम्बन्धी यसरी उल्लेख गरिएको छ : उच्चारण तथा शब्दभण्डारलाई व्यवस्थित गर्न विभिन्न भाषाहरूमा एकभाषिक, द्विभाषिक तथा बहुभाषिक शब्दकोषको निर्माणमा जोड दिनु आवश्यक छ । विभिन्न भाषाहरूलाई नियमित तथा व्यवस्थित गर्न विभिन्न भाषाहरूमा व्याकरण निर्माणलाई आवश्यक पूर्वाधारको रूपमा लिइन्छ ।

नेपालको सन्दर्भमा विभिन्न भाषाहरूमा आवश्यकता अनुसार सन्दर्भ व्याकरण र शैक्षणिक व्याकरणको तयारी क्रमः हुँदै जानु आवश्यक छ । प्रयोगक्षेत्र सम्बन्धी यसरी उल्लेख गरिएको छ : विभिन्न भाषाहरूको क्षमता र सम्भाव्यतालाई दृष्टिगत गरी तिनको प्रयोगक्षेत्र निर्धारण गर्दै जानुपर्नेछ । यसका क्षेत्रहरू शिक्षा, सञ्चार, प्रशासन, साहित्य आदि हुन सक्छन् । सञ्चार सम्बन्धी यसरी उल्लेख गरिएको छ : श्रव्य माध्यम रेडियो सार्वजनिक साँस्कृतिक र स्थानीय महत्त्वका विषयहरूलाई राष्ट्रिय भाषाको माध्यमबाट रेडियोमार्फत् प्रसारणको व्यवस्था गर्दै लैजानु पर्नेछ । क्षेत्रीय र केन्द्रीय दुबै प्रसारणमा भाषाहरूको क्षमतालाई ध्यानमा राखी प्रयोगको क्रमशः विस्तार गर्दै जानुपर्नेछ (राष्ट्रिय भाषा नीति सुझाव आयोग, २०५०) । यसो गर्दा लेख्य परम्परा भएका र परम्पराप्रति उन्मुख भएका भाषाहरूलाई प्राथमिकता क्रममा राखी क्रमशः प्रयोग विस्तार गर्दै लैजानु आवश्यक छ । हाल लेख्य परम्परा नभएका तर लेख्य परम्पराप्रति उन्मुख हुन सक्ने भाषाहरूलाई समेत तिनको प्रयोगशील सम्भावनालाई दृष्टिमा राखी प्रयोग गर्न र सोको विस्तार गर्दै लैजानुपर्ने हुन्छ । पाठ्य माध्यम सम्बन्धी यसरी उल्लेख गरिएको छ : सर्वसाधारणको जानकारीका लागि आवश्यक हुने सरकारी सूचना तथा अन्य प्रकाशनहरूको अनुवाद राष्ट्रिय भाषामा हुने व्यवस्था गर्नुपर्नेछ । विभिन्न राष्ट्रिय भाषाहरूमा पत्रपत्रिका र अन्य पाठ्यसामग्रीहरूको प्रकाशनतर्फ विशेष ध्यान दिनु आवश्यक छ ।

श्रव्यदृष्य माध्यमः सम्बन्धी यसरी व्यवस्था गरिएको छ : भाषिक क्षमता र प्रयोगको सम्भाव्यतालाई दृष्टिगत गरी विभिन्न राष्ट्रिय भाषाहरूमा टेलिभिजनको माध्यमद्वारा समाचार आदि कार्यक्रमहरू क्रमशः प्रसारित गर्दै जानुपर्नेछ । यसका लागि राष्ट्रिय भाषा कार्यक्रम अन्तर्गत सबै राष्ट्रिय भाषाहरूको प्रसारण गर्ने व्यवस्था मिलाउन सकिन्छ । रेडियो तथा टेलिभिजनबाट विभिन्न विषयसँग सम्बन्धित सूचना, विज्ञापन आदि विषयहरूलाई राष्ट्रिय भाषाहरूमा प्रसारण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

प्रशासन सम्बन्धी यसरी उल्लेख गरिएको छ : स्थानीय प्रशासनयन्त्रलाई बढी प्रभावकारी र जनमुखी तुल्याउन सम्बन्धित क्षेत्रमा स्थानीय भाषाको प्रयोग व्यवहारिकतालाई पनि दृष्टिगत गरी प्रश्रय दिँदै जानु उपयुक्त हुनेछ । स्थानीय अड्डाअदालतका काम कारवाहीका सिलसिलामा राष्ट्रभाषा नजान्नेहरूका लागि दोभाषे उपलब्ध उचित हुनेछ ।.साहित्य सम्बन्धी यसरी भनिएको छ : विभिन्न राष्ट्रिय भाषाहरूमा साहित्यिक गतिविधिहरूलाई प्रोत्साहित दिनु उचित देखिन्छ । त्यसका लागि प्रकाशन सुविधा पुरस्कार आदिको व्यवस्था गर्नु आवश्यक छ ।

. राष्ट्रभाषाको सरलीकरण सम्बन्धी यसरी व्यवस्था गरिएको छ : राष्ट्रभाषा नेपाली नेपालको व्यापक सम्पर्कको, सरकारी कामकाजको तथा शिक्षाको माध्यमसमेत भएकाले यसको प्रयोग बढीभन्दा बढी स्रोताहरूपाठकहरूलाई बोधगम्य हुने गरी सरलीकृत गर्दै लैजानु आवश्यक देखिन्छ । लोपवान् भाषाहरूको संरक्षण सम्बन्धी यसरी उल्लेख गरिएको छ : लेख्य परम्परा नभएका र लोपवान् भाषाहरूमा तत्काल विशेष कार्यक्रम तयार गरी तिनको संरक्षण गर्नु नितान्त आवश्यक छ ।

खण्ड (ख) राष्ट्रिय भाषा परिषद्

नेपालका राष्ट्रिय भाषाहरूको निर्धारण, संरचना र स्तरगत योजना संरक्षण अध्ययन आदिसँग सम्बन्धित नीतिको तर्जुमा, कार्यान्वयन र मूल्याङकनको प्रयोजनका निम्ति एउटा राष्ट्रिय भाषापरिषद्को स्थापना हुन आवश्यक छ । यसका पदावधि ५ वर्षको तोकिएको छ । शैक्षिक योग्यता स्नातकोत्तर उत्तीर्ण भएको हुनुपर्छ । यस परिषद्ले निम्न कार्य गर्न सकिनेछ:: (क) यस अध्यायको खण्ड क मा उल्लिखित राष्ट्रिय भाषाहरूको संरचनागत र स्तरगत योजना तथा अन्य सुझावहरू लागू गर्न कार्यक्रम तर्जुमा गरी राष्ट्रले अपनाउनु पर्ने भाषासम्बन्धी नीतिका सम्बन्धमा रायसुझाव दिई आवश्यक परेमा भाषानीतिसँग सम्बन्धित कुराहरूलाई व्याख्या गर्ने व्यवस्था देखिन्छ (राष्ट्रिय भाषा नीति सुझाव आयोग, २०५०) । कार्यान्वयन सम्बन्धी यसरी व्यवस्था गरिएको पाइन्छ : राष्ट्रिय भाषाहरूबारे तर्जुमा गरिएका कार्यक्रम क्रमशः कार्यान्वयन र अनुगमन गर्न राष्ट्रिय भाषापरिषद्अन्तर्गत् एउटा विशेषज्ञहरूको समूह हुनु आवश्यक छ । यस समूहमा आवश्यकतानुसार विभिन्न विभागहरू हुनेछन् । जस्तैः भाषिक अध्ययन, शब्दकोश र व्याकरणको निर्माण, पाठ्यसामग्री तयारी, प्रकाशन आदि निकायहरू तथा सम्बन्धित क्षेत्रका विशेषज्ञहरू यी विभागहरूका संयोजक हुनेछन् । यस अतिरिक्त राष्ट्रिय भाषाहरूसँग सम्बन्धित उद्देश्य र कार्यक्रम सम्पन्न गर्न यस अध्यायको खण्ड ‘घ’ मा उल्लेखित संस्थाहरू र अन्य निकाय व्यक्तिहरूसँग यस परिषद्ले समन्वय स्थापित गर्नुपर्नेछ । अनुगमन तथा मूल्याङ्कन सम्बन्धी यसरी उल्लेख गरिएको छ : कार्यान्वित कार्यक्रमलाई यस परिषद्ले समयसमयमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकतानुसार ती कार्यक्रमहरूमा सुधार र परिमार्जन गर्नुपर्ने उल्लेख गरिएको छ ।

खण्ड ग मा शिक्षामा राष्ट्रिय भाषाहरूको प्रयोग

प्राथमिक विद्यालय र शिक्षाको माध्यम

मातृभाषी बालबालिकाहरू लगभग शतप्रतिशत रहेका प्राथमिक विद्यालयहरूलाई मातृभाषी विद्यालयका रूपमा सञ्चालन गर्न सकिनेछ। यदि त्यसो नभएका विद्यालयहरूमा स्थानीय मागअनुसार मातृभाषा वा राष्ट्रभाषामध्ये कुनै एक वा दुबैलाई बनाउन सकिनेछ । एउटै मातृभाषाहरूको प्रशस्त जनघनत्व भएका ठाउँमा भाषिक समुदायलाई पायक पर्ने गरी स्थानीय जनसहभागितामा मातृभाषी विद्यालय खोल्न सकिनेछ । यस्ता विद्यालयहरूलाई सरकारले अन्य प्राथमिक विद्यालयहरू सरह स्वीकृति तथा अनुदान दिने व्यवस्था गर्नु पर्नेछ। कुनै विद्यालयमा तीन वा सो भन्दा बढी मातृभाषी बालबालिकाहरू रहेमा उनीहरूका लागि शिक्षाको माध्यम राष्ट्रभाषा रहनु उचित हुनेछ।

प्राथमिक तहमा मातृभाषाको माध्यम सफलतासाथ प्रयोगमा आएका र उपयुक्त पूर्वाधार पूरा गरेका भाषाहरूमा स्थानीय मागलाई समेत ध्यानमा राखी निम्नमाध्यमिक तथा सोभन्दा माथिल्ला तहको शिक्षा मातृभाषाको माध्यमबाट प्रदान गर्न अनुमति दिन सकिनेछ । प्राथमिक तहमा माध्यमका दृष्टिले तीन किसिमका विद्यालयहरू हुनु उचित देखिन्छः (क) मातृभाषी प्राथमिक विद्यालय (ख) भाषिक प्राथमिक विद्यालय (ग) राष्ट्रभाषी प्राथमिक विद्यालय मातृभाषी विद्यालयहरू खोल्दा स्थानीय भाषिक सामुदायको घना वस्ती भएको ठाउँ हेरी वा पायक पर्ने गरी कक्षा १–३ लाई आधार शिक्षा मान्ने दृष्टिकोण अनुरूप सर्वप्रथम आधार विद्यालयहरू खोल्नु पर्नेछ (राष्ट्रिय भाषा नीति आयोग, २०५०) । उक्त प्रत्येक आधार विद्यालयमा मातृभाषी शिक्षकको व्यवस्था गर्नुपर्नेछ। यसको साथै विस्तारै कक्षा ४-५ लाई आधार बनाउँदै क्रमशः अगाडि बढाउँदै लगेको खण्डमा भाषाको कारणले सिकाइ उपलब्धि र बिचैमा कक्षा छोड्ने प्रवृत्तिमा सुधार आउनेछ।

विषयका रूपमा मातृभाषा शिक्षा सम्बन्धी यसरी उल्लेख गरिएको पाइन्छ : मातृभाषिक र द्विभाषिक विद्यालयहरूमा मातृभाषालाई विषयका रूपमा पनि पठनपाठन गराउने व्यवस्था हुनुपर्नेछ । राष्ट्रभाषाको माध्यम भएका प्राथमिक विद्यालयहरूमा अन्य मातृभाषी बालबालिकाहरूका लागि विषयका रूपमा मातृभाषाको पठनपाठनको माग भए सोको व्यवस्थान मिलाउनुपर्नेछ। मातृभाषाः वैकल्पिक वा ऐच्छिक विषयका रूपमा यसरी उल्लेख गरिएको पाइन्छ : निम्नमाध्यमिक विद्यालयको हाल प्रचलित पाठ्यक्रमको ढाँचा अन्तर्गत् राखिएको संस्कृत विषयको वैकल्पिक विषयका रूपमा मातृभाषाको पठनपाठनको व्यवस्था तत्काल गर्नु उपयुक्त हुनेछ । भविष्यमा निम्नमाध्यमिक तहका विद्यालयहरूमा मातृभाषाका रूपमा राष्ट्रियभाषाहरूलाई १०० पूर्णाङ्कको छुट्टै विषयका रूपमा पढाउने व्यवस्था गर्नु उचित हुनेछ । माध्यमिक र उच्चमाध्यमिक तहमा समेत ऐच्छिक विषयका रूपमा मातृभाषाको पठनपाठन गराउने व्यवस्था हुनुपर्नेछ।

प्राथमिक पाठ्यक्रममा मातृभाषा र राष्ट्रभाषा

मातृभाषी विद्यालयहरूमा वर्तमान पाठ्यक्रमको ढाँचाभित्रै रही इच्छाधीनका सट्टा राष्ट्रभाषा नेपालीको पठनपाठन कक्षा २ वा ३ देखि गरिनु उपयुक्त हुनेछ । राष्ट्रभाषा

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

नेपालीका माध्यममा चल्ने विद्यालयहरूमा अन्य मातृभाषी विद्यार्थीहरूका निम्ति इच्छाधीन विषयका सट्टा १०० पूर्णाङ्कको मातृभाषा विषयका रूपमा पठनपाठन गराउनु उचित हुनेछ । लेख्य परम्परा भएका, लेख्य परम्पराप्रति उन्मुख भएका र लेख्य परम्परा नभएका सबै किसिमका भाषाहरूमा पठनपाठनको प्रारम्भ एकैचोटि गर्न कठिन हुन्छ । त्यसैले भाषाहरूको अध्ययन, पाठ्यसामग्री निर्माण र पठनपाठनको प्रारम्भ आदिका लागि राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन (२०५०), खण्ड ग अन्तर्गत बुँदा नं.३३ मा दिइएको ढाँचालाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ-

तालिका २ *भाषाहरूको लेख्य परम्परा*

चरण/क्रम	लेख्य परम्परा भएका भाषाहरू	लेख्य परम्परा उन्मुख भाषाहरू	लेख्य परम्परा नभएका भाषाहरू
पहिलो	पठनपाठनको प्रारम्भ	पाठ्यसामग्रीको तयारी	भाषाको अध्ययन
दोस्रो		पठनपाठनको प्रारम्भ	पाठ्यसामग्रीको तयारी
तेस्रो			पठनपाठनको प्रारम्भ

स्रोतः राष्ट्रिय भाषा नीति आयोगको प्रतिवेदन, २०५०

उल्लिखित तालिकाअनुसार लेख्य परम्परा भएका भाषाहरूमा पाठ्यसामग्री तयार भइसकेका स्थितिमा पहिलो चरणमै पठनपाठनको प्रारम्भ गर्न सकिनेछ भने लेख्य परम्पराप्रति उन्मुख भइरहेका भाषाहरूमा पहिलो चरणमा पाठ्यसामग्रीहरू तयार पारी दोस्रो चरणदेखि पठनपाठन कार्य सुरु गर्न सकिने हुन्छ । लेख्य परम्परा नै सुरु नभएका भाषाहरूमा चाहिँ पहिलो चरणमा सम्बन्धित भाषाको अध्ययन, दोस्रो चरणमा पाठ्यसामग्री तयारी र तेस्रो चरणमा पठनपाठनको प्रारम्भ हुन सक्नेछ । यसरी भाषाहरूको पठनपाठन पाठ्यसामग्रीको उपलब्धता अनुसार कक्षा १ देखि ५ सम्म क्रमशः जारी राख्न सकिनेछ । लेख्य परम्परा नभएका भाषाहरूमा चाहिँ तिनको अध्ययन गरी लेखन पद्धति, शब्दभण्डार, व्याकरण आदिको निर्धारण भएपछि मात्र पाठ्यसाामग्री तयारी अग्रसर हुनुपर्ने देखिन्छ ।

पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्धारण

मातृभाषालाई विषयका रूपमा पढाइने उद्देश्यहरू निर्धारण गरी प्रत्येक मातृभाषाका लागि पाठ्यक्रमको तर्जुमा गर्ने र सोही अनुसार पाठ्यपुस्तक लेखाउने व्यवस्थका लागि कार्य गर्नुपर्नेछ ।. पाठ्यपुस्तक लेखाउँदा सम्बन्धित भाषाभाषी तथा जातजातिका सामाजिक, सांस्कृतिक विशेषताहरू स्तर अनुसार अवश्यकमात्रामा समावेश हुनुपर्नेछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमविद र सम्बन्धित मातृभाषी विद्यार्थीहरूको सङ्लग्नतामा हुनुपर्नेछ । कुनै मातृभाषामा निजी क्षेत्रबाट उत्पादित सहायक वा पूरक सामग्रीहरू भएमा तिनको समेत स्तर हेरी प्रयोग गर्न अनुमति दिइनुपर्नेछ । तत्काल पाठ्यसामग्रीहरू उपलब्ध हुन नसकेका मातृभाषाहरूमा राष्ट्रभाषा नेपालीमा लेखिएका भाषा विषय बाहेक सामाजिक शिक्षा, वातावरण शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा आदि विषयहरूका पाठ्यपुस्तकहरूलाई अनुवाद गरी काम चलाउन पनि सकिनेछ । यसो गर्दा मातृभाषाहरूको स्थानीय परिवेशअनुसार केही विषयवस्तु थपघट

गर्न पनि सकिनेछ । मातृभाषाहरूमा पाठ्यपुस्तक लेखाउँदा सर्वप्रथम सम्बन्धित भाषाको आधारभूत लेखपढ (अक्षरचिनारी आदि) सँग सम्बद्ध पुस्तकहरूलाई प्राथमिकता दिनुपर्नेछ । त्यसपछि निम्नलिखित विषयहरूको प्राथमिककता कमअनुसार पाठ्यपुस्तक लेखाउनेतर्फ ध्यान दिनुपर्नेछः:सामाजिक शिक्षा, वातावरण शिक्षा, स्वास्थ्य शारीरिक शिक्षा, गणित, विज्ञान तर गणित र विज्ञान जस्ता विषयहरूमा समेत पाठ्यपुस्तक लेख्न कुन कुन मातृभाषामा के कति सम्भावना छ सो कुराको अध्ययन गरेर त्यसतर्फ अग्रसर हुनु उपयुक्त हुनेछ ।

द्विभाषिक शिक्षा सम्बन्धी यसरी उल्लेखित गरिएको छ : स्थानीय तहमा नेपाली मातृभाषीहरू र अन्य मातृभाषीहरूका बीच द्विभाषी परिवेश निकै व्यापक रही मातृभाषी सामुदायहरू अन्तर्मिश्रित रहेका कतिपय ग्रामीण तथा सहरी परिवेशका प्राथमिक विद्यालयहरूमा द्विभाषिक शिक्षा लागू गर्न उपयुक्त हुनेछ । यस्तो शिक्षामा शिक्षककले आवश्यककताअनुसार मातृभाषा र राष्ट्रभाषा दुबैको प्रयोग गर्नु पर्नेछ । द्विभााषिक शिक्षामा भाषा विषयको पाठ्यपुस्तक मातृभाषामा र अन्य विषयहरूमा चाहिँ राष्ट्रभाषामा नै भएमा पनि पठनपाठन सम्भव हुनेछ तर शिक्षकहरू भने, दुबै भाषा जान्ने हुनुपर्नेछ । द्विभाषिक शिक्षामा परीक्षाको माध्यम स्थानीय चाहनाअनुसार कुनै एक वा दुबै भाषा हुन सक्नेछ । राष्ट्रभाषा शिक्षा सम्बन्धी यसरी व्यवस्था गरिएको छ : अन्य मातृभाषा माध्यम हुन नसक्ने स्थितिका प्राथमिक विद्यालयहरूमा शिक्षाको माध्यम राष्ट्रभाषा नेपाली हुनु पर्नेछ । राष्ट्रभाषालाई दोस्रो भाषाका रूपमा, सिकाउनका लागि छुट्टै पाठ्यकम तथा पाठ्यपुस्तकहरूको व्यवस्था गर्ने तर्फ कार्य गर्नुपर्नेछ । दोस्रो भाषाका रूपमा राष्ट्रभाषाको सिकाइ शिक्षणसम्बन्धी समस्यारूको अध्ययन गरी पाठ्यकम, पाठ्यपुस्तक तथा शिक्षणविधिमा सुधार गर्दै जानु आवश्यक छ ।

शिक्षकहरूको प्रबन्ध तथा प्रशिक्षण सम्बन्धी यसरी उल्लेख गरिएको छ : नेपाल अधिराज्यभर शिक्षक भई काम गरिरहेका विभिन्न मातृभाषी शिक्षकहरूको विवरण तयार गरी उनीहरूलाई पायक पर्ने मातृभाषी विद्यालयहरूमा खटाउन उपयुक्त हुनेछ । साथै मातृभाषी विद्यालयहरूको आवश्यकताअनुसार थप शिक्षकको समेत प्रबन्ध मिलाउनुपर्नेछ । मातृभाषामा शिक्षाको लागि खोलिएका प्रत्येक प्राथमिक विद्यालयमा मातृभाषी शिक्षकको व्यवस्था गर्नुपर्नेछ । मातृभाषा, द्विभाषिक कक्षामा र दोस्रो भाषाका रूपमा राष्ट्रभाषामा शिक्षण गर्ने शिक्षकहरूलाई प्रशिक्षणको समुचित प्रबन्ध मिलाउनुपर्नेछ । अनौपचारिक शिक्षा सम्बन्धी यसरी उल्लेख गरिएको छ : देशमा साक्षरको द्रुततर विस्तार गर्न अभियान चलाउन अनौपचारिक शिक्षाका कार्यकमहरू विभिन्न मातृभाषाहरूमा तत्काल सुरु गर्न आवश्यक कदम चाल्नुपर्नेछ । उक्त कार्यकमहरूका लागि विभिन्न मातृभाषाहरुमा प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित मातृभाषी शिक्षक वा सहयागी कार्यकर्ताहरूलाई प्रशिक्षण दिने व्यवस्था मिलाउनुपर्नेछ ।

 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

खण्ड (घ) भाषाविज्ञान विभाग

भाषाको अध्ययन अध्यापन तथा पाठ्यसामग्रीनिर्माणका लागि चाहिने आवश्यक जन्मशक्ति तयार गर्न विश्वविद्यालय अन्तर्गत् भाषाविज्ञान विभागको व्यवस्थापन अति आवश्यक देखिन्छ ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा भाषा निकाय सम्बन्धी यसरी व्यवस्था गरिएको छ । नेपालका राष्ट्रिय भाषाहरूको प्राज्ञिक उन्नयन तथा संरक्षणका लागि वर्तमान नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा अरु विषयसँग समिलित नगरी छुट्टै भाषानिकाय खोली त्यसमार्फत् नेपालका राष्ट्रिय भाषाहरूमा विशेष ध्यान दिई काम गरिनु बाञ्छनीय देखिन्छ । राष्ट्रिय भाषाका प्राज्ञिक संस्था सम्बन्धी यसरी व्यवस्था गरिएको छ : हाल खुलेका र भविष्यमा खुल्ने राष्ट्रिय भाषाका प्राज्ञिक संस्थाहरूलाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले मान्यता प्रदान गरी समन्वय स्थापित गर्नु उचित हुनेछ र मान्यता प्राप्त त्यस्ता प्राज्ञिक संस्थाहरूलाई आर्थिक सहयोग गर्नु उचित हुनेछ । पाठ्यक्रम विकास केन्द्र सम्बन्धी यसरी व्यवस्था गरिएको छ : राष्ट्रिय भाषाहरूको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण तथा विकास गर्नका लागि सुझाइएका सुझवहरूको कार्यान्वयन गर्न शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र अन्तर्गत छुट्टै शाखा खोल्नुपर्नेछ । राष्ट्रिय एकता र सद्भाभावनाको अभिवृद्धिको लागि विद्यालय तहदेखि नै स्तरअनुसार उपयुक्त हेरी नेपाका सबै जातजातिका सामाजिक, साँस्कृतिक विविधताको प्रतिबिम्ब झल्कने गरी पाठ्यपुस्तक निर्माण गरिनु उचित हुनेछ ।

जनगणनामा भाषाविशेषज्ञ

राष्ट्रिय जनगणना सम्पन्न गर्दा भाषासम्बन्धी निर्क्यौल गर्न भाषावैज्ञानिकहरूलाई विशेषज्ञको रूपमा संलग्न गराइनु उचित हुनेछ (भाषा आयोग सुझाव प्रतिवेदन, २०५०) । मातृभाषामा शिक्षाको महत्त्व अध्ययनमा मातृभाषी विद्यार्थीलाई दोस्रो भाषाको माध्यमबाट विद्यालयमा सिकाउँदा उनीहरूको लागि विद्यालय जेल सरह नै हुन्छ (राई, २०५०) । उनीहरूको सिकाइ स्वतन्त्र वातावरणमा हुँदैन त्यसैले मातृभाषा सम्बन्धी विभिन्न संविधान र भाषा आयोगहरूमा मातृभाषामा शिक्षाको निरन्तरतालाई सुधार गर्दै गइरहेको देखिन्छ ।

यसरी विभिन्न प्रतिवेदनहरूको व्यवस्थाले मातृभाषाद्वारा शिक्षण गर्दा सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा पुष्टि गरिएको छ । मातृभाषाको प्राथमिकताले सिकाइ सरल हुनुको साथै भाषाको संरक्षण संम्बद्धनमा समेत सहयोग पुगेको छ । यसले भाषिक अन्यायको राजनीति द्वन्द्वबाट मुक्त गराई भाषिक न्यायको सिद्धान्त प्रदान गरिएको छ ।

राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५० मा भाषा सम्बन्धी व्यवस्था गरिएको छ । निम्न माध्यमिक तथा उपल्लो कक्षाहरूमा मातृभाषाको सङ्केत दिइए पनि कम्तिमा माध्यमिक तहसम्म मातृभाषामा शिक्षा लागू गरिदिइएको भए झन लाभान्वित भई प्रभावकारी देखिन्छ ।

निष्कर्ष

राष्ट्रिय भाषानीति सुझाव आयोग, २०५० मा भाषा सम्बन्धी भएको व्यवस्था हेर्दा वि.स.२०४६ सालको प्रजातन्त्रको पुनर्बहालीसँगै जनताको मर्मअनुसार नेपाल अधिराज्यको संविधान २०४७ मा मातृभाषाको व्यवस्थाले शिक्षामा सकारात्मक प्रभाव परेको देखिन्छ। उक्त भाषानीतिको सुझाव अन्तर्गत खण्ड क मा राष्ट्रिय भाषाहरूको विकास तथा संरक्षण, खण्ड ख मा राष्ट्रिय भाषा परिषद्, खण्ड ग मा शिक्षा राष्ट्रिय भाषाहरूको प्रयोग र खण्ड घ मा विविध भाषाविज्ञान विभाग गरी भाषिक व्यवस्था गरिएको छ । उल्लिखित प्रतिवेदनहरूका आधारमा नेपालको भाषिक स्थिति, राष्ट्रिय भाषाहरूको विकास र संरक्षण, शिक्षामा राष्ट्रिय भाषाहरूको प्रयोग र सुझावहरू जस्ता विभिन्न शीर्षकहरूमा केन्द्रित रहेको देखिन्छ । जनमानसको भावनालाई कदर गर्दै विभिन्न प्रतिवेदन र संवैधानिक व्यवस्था गरिएको देखिन्छ। ती संविधान र आयोगहरूले शिक्षामाथि विशेष जोड दिइएको देखिन्छ। यी विभिन्न संवैधानिक व्यवस्थाभन्दा भाषा आयोगहरूको व्यवस्थाले शिक्षाको विकास र सिकाइ प्रगतिमाथि विशेष जोड दिइएको देखिन्छ। यसै सन्दर्भमा नेपालको भाषानीति व्यवस्थाले भाषाहरूको समान व्यवस्था गर्ने क्रममा मातृभाषा शिक्षाले झन प्रभावकारी बनाइएको छ। यस्ता किसिमका सुझावहरूले शिक्षामा थप बल पुगेको देखिन्छ। तर यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई हेर्दा पूर्ण रूपमा प्रभावकारी देखिदैन। उक्त सुझावहरूका आधारमा भाषाहरूको पहिचान तथा संरक्षण संवर्द्धनमा टेवा पुगेको देखिन्छ । यसरी भाषानीति व्यवस्थाले शिक्षामा प्रत्यक्ष प्रभावले यसको उपयोगिता कक्षाकोठाभित्र शिक्षण सिकाइमा प्रगति देखिनुको साथै पठनपाठनप्रतिको आकर्षण बढेको देखिन्छ किनभने, त्यसैको प्रभावले नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा मातृभाषामा शिक्षा दिनेमाथि विशेष जोड दिइएको देखिन्छ। अझै भाषाहरूको सामाजिक न्यायका लागि समाजपरक सूक्ष्म भाषावैज्ञानिक अध्ययन हुनु नितान्त आवश्यक देखिन्छ र त्यसको आधारमा भाषा नीतिको व्यवस्था हुनु आवश्यक देखिन्छ।

सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार।

केन्द्रीय तथ्याङ्क विभाग (२०४८),*नेपालको राष्ट्रिय जनगणना २०४८,* नेपाल सरकार।

केन्द्रीय तथ्याङ्क विभाग (२०६०), *राष्ट्रिय जनगणना २०५८,* नेपाल सरकार।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), *राष्ट्रिय जनगणना २०६८,* नेपाल सरकार।

केन्द्रीय तथ्याङ्क विभाग (२०८०), *राष्ट्रिय जनगणना २०७८,* नेपाल सरकार।

गिरी, जीवेन्द्रदेव (२०१०), *नेपालको भाषानीति,* त्रिभुवन विश्वविद्यालय जर्नल, २७।

घिमिरे, वासुदेव (२०६५), *समाजभाषाविज्ञान,* वाङ्मय प्रकाशन।

नेपाल भाषा नीति सुझाव आयोग (२०५०), *राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन, २०५० तथा नेपालको भाषिक स्थिति,* प्रज्ञाभवन कमलादी ।

नेपाल कानुन आयोग (२०४७), *नेपाल अधिराजको संविधान २०४७* ।*www.lowcommission,gov.np*

नेपाल कानुन आयोग (२०६३), *नेपाल संविधान २०६३*। *www.lowcommission,gov.np*

नेपाल कानुन आयोग (२०७२), *नेपालको संविधान २०७२*। *www.lowcommission,gov.np*

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

बन्धु, चूडामणि (२०७५), *अनुसन्धान तथा प्रतिवेदन लेख,* रत्न पुस्तक भण्डार ।

बन्धु, चुडामणि (२०६८), *नेपाली भाषाको लेखन पद्धति: वर्णविचारदेखि लिपि व्याकरणसम्म,* नेपाली भाषा सङ्गोष्ठी २०६७, नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७७), *भाषाविज्ञान,* साझा प्रकाशन ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री २०७२, नेपाल सरकार ।

भाषा आयोग, (२०८०), *भाषा आयोगको वार्षिक प्रतिवेदन* (सातौ), (२०७९ स्रावणमसान्तदेखि २०८० आसार मसान्तसम्म) ।

यादव, योगेन्द्रप्रसाद र खतिवडा, कर्णाखर (२०६८), *नेपाली भाषा सङ्गोष्ठी-२०६७,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

राई, नवलकिशोर (२०५०), *मातृभाषामा शिक्षाको महत्व,* रोधी वर्ष २,अङ्क २ ।

राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन (२०५०), भाषा आयोग ।

श्रेष्ठ, गोपालबहादुर (२०२१), *नेपालका विद्यालयमा मातृभाषामा सिकाइको स्थिति,* इन्टरडिसिप्लेनरी रिसर्च इन एजुकेशन, ६ । https://doi.org/10.3126/ire.v6i2.43544

Bordieu, P (1973). Cultural reproduction and social reproduction. In R. (Ed) *Knowledge education and cultural change*. Tavistock publication.